# शुद्धोधन राजपत्र

शुद्धोधन गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ५ शुद्धोधन, पुस १७ गते, २०८० साल संख्याः ५


## शुद्धोधन गाउँपालिकाको सामुदायिक वन सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तावना**

वन ऐन २०४९ र वन नियमावली २०५१ बमोजिम जिल्ला वन कार्यालयमा दर्ता भइ शुद्धोधन गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा आएका र यस गाउँपालिकामा कानून बमोजिम दर्ता हुने सामुदायिक वनहरुको सञ्चालन, व्यवस्थापन, संरक्षण तथा सम्बर्द्धन गर्न वाञ्छनीय भएकोले संविधानको अनुसूची - ९ को संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेको वन तथा वन्य जन्तु सम्बन्धी व्यवस्था अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (ङ) ले दिएको अधिकार प्रयोग गरी शुद्धोधन गाँउकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१**. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "शुद्धोधन गाउँपालिकाको सामुदायिक वन सञ्चालन तथा व्यवथापन कार्यविधि, २०८०" रहने छ ।

(२) यो कार्यविधि शुद्धोधन गाँउकार्यपालिका बैठकबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२**. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले शुद्धोधन गाउँपालिका सम्झनु पर्दछ ।

(ग) "सभा" भन्नाले शुद्धोधन गाउँपालिकाको गाँउसभा सम्झनु पर्दछ ।

(घ) "गाँउकार्यपालिका" भन्नाले शुद्धोधन गाउँकार्यपालिका भन्ने सम्झनु पर्दछ ।

(ङ) "अध्यक्ष" भन्नाले शुद्धोधन गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शुद्धोधन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) "वन" भन्नाले पूर्ण वा आंशिक रुपले रुखहरुले ढाककिएको क्षेत्र सम्झनु पर्दछ र सो शब्दले संघीय, प्रदेश कानून र यस कार्यविधि बमोजिम सञ्चालित वन समेत सम्झनु पर्दछ ।

(ज) "वन पैदावार" भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको देहायको पैदावार सम्झनु पर्दछ ।

१. काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा,पिपला,पिपली वा

२. रुख, पात, फल, फूल, महुवा, चिराइतो, कुटकी र सबै प्रकारका जङ्गली जडीबूटी, बनस्पती तथा तीनका विभिन्न भाग वा अंश वा

३. चट्टान, माटो, ढुङ्गा,गिट्टी,वालुवा वा

४. पशुपंछी, वन्यजन्तु र पशुपन्छी वा वन्य जन्तुको आखेटोपहारहरु संझनु पर्छ ।

(छ) "सामुदायिक वन" भन्नाले वन ऐन, २०४९ तथा नियमावली २०५१ बमोजिम जिल्ला वन कार्यालयमा दर्ता गरी सञ्चालनमा रहेका र संघीय, प्रदेश कानून र यस कार्यविधि बमोजिम शुद्धोधन गाउँपालिकामा दर्ता भई सञ्चालन हुने सामुदायिक वन सम्झनु पर्दछ।

(ज) "समिति" भन्नाले संघीय, प्रदेश कानून र यस कार्यविधि बमाजिम सामुदायिक वन सञ्चालन तथा व्यवस्थापनका लागि गठित समिति सम्झनु पर्दछ।

(झ) "उपभोक्ता समूह" भन्नाले संघीय, प्रदेश कानून र यस कार्यविधि बमोजिम सामुदायिक वनको व्यवस्था तथा उपयोग गर्न दर्ता भएको उपभोक्ता समूह सम्झनु पर्दछ।

(ञ) "औजार" भन्नाले वन क्षेत्रमा आवाद वा खनजोत गर्न प्रयोग गरिने सबै किसिमका कृषि औजार तथा रुख विरुवा ताछ्ने, काट्ने, खुकुरी, बन्चरो, आरा, तथा मेशिन समेत सम्झनु पर्दछ।

(ट) "बोझ वाहक" भन्नाले गाडा, ट्रक, लहरी, मोटर, ट्याक्टर, नाउ, डुङ्गा वा वन पैदावार लादी ल्याउने यस्तै प्रकारका अन्य साधन वा जनावर समेत सम्झनु पर्दछ।

(ठ) "चौपाया" भन्नाले जुनसुकै जातको पाल्तु चार खुट्टे जनावर सम्झनु पर्दछ।

(ड) "टाँचा" भन्नाले काठ वा खडा रुखमा लगाइने छाप, चिन्ह वा निशाना सम्झनु पर्दछ।

(ढ) "गस्ती" भन्नाले वन पैदावार चोरी निकासी रोक्न, वन क्षेत्रमा सुरक्षा कायम गर्न तथा असामान्य स्थितिको नियन्त्रण गर्न वा वन संरक्षण गर्नका लागि खटाइएको टोली वा व्यक्तिले सावधानी पूर्वक घुम्ने, रेखदेख गर्ने, पहरा वा रखवारी गर्ने कार्य सम्झनु पर्दछ।

(ण) "अनुगमन समिति" भन्नाले यस कार्यविधिको दफा १४ बमोजिम गठित गाउँ स्तरीय अनुगमन समिति सम्झनु पर्दछ।

(त) "समन्वय समिति" भन्नाले शुद्धोधन गाउँपालिका भित्र रहेका सामुदायिक वनहरुको बीचमा समन्वय तथा सहजीकरण गर्न दफा ५ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

(ढ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले संघीय, प्रदेश कानून र यस कार्यविधि बमोजिम गाउँ कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिमको व्यवस्था सम्झनु पर्दछ ।

## परिच्छेद -२

## सामुदायिक वन सम्बन्धी व्यवस्था

**३.** सामुदायिक वन उपभोक्ता समूहको दर्ता सम्बन्धी व्यवस्था :

(१) संघीय, प्रदेश कानून तथा यस कार्यविधि बमोजिम सञ्चालन भएका र सञ्चालन हुने सामुदायिक वनका उपभोक्ता समूहहरुले यो कार्यविधि प्रारम्भ भएको मितिले तीन महिना भित्र यस गाउँपालिकामा दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता हुने उपभोक्ता समूहहरुले रु. १०००। को नगदी रसिद काटी समूहको विधान सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पर्न आएका निवेदन उपर आवश्यक जाँचबुझ गरी प्रमुख प्रशासकीय अधिकृतले अनुसूची २ बमोजिमको ढाँचामा उपभोक्ता समूह दर्ताको प्रमाण पत्र उपलव्ध गराउनु पर्नेछ ।

**४.** दर्ता नवीकरण सम्बन्धी व्यवस्था :

(१) संघीय, प्रदेश कानून र यस कार्यविधि बमोजिम गठित सामुदायिक वन उपभोक्ता समूहले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र वन संरक्षणको लागि तोकिएको रकम गाउँपालिकाको कोष खातामा जम्मा गरी भौचर सहित गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।





## नवीकरण

| नवीकरण गरेको मिति | दर्ताको प्रमाणपत्र बहाल रहने अवधि | नवीकरण दस्तुर/५ प्रतिशतले हुने रकम | रसिद नं. | नवीकरणगर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |

(८)

**अनुसूची -२**

**दफा ३ को उपदफा (३) सँग सम्बन्धित**

**उपभोक्ता समूह दर्ताको प्रमाणपत्रको ढाँचा**

शुद्धोधन गाउँपालिका
गाँउकार्यपालिकाको कार्यालय
मानपकडीँ, रुपन्देही
लुम्बिनी प्रदेश नेपाल

**उपभोक्ता समूह**

**दर्ताको प्रमाणपत्र**

दर्ता नं. ..........
मिति :-
श्री ..........................उपभोक्ता समूह
शुद्धोधन .......... रुपन्देही
यस कार्यालयको मिति ........................... को निर्णय अनुसार शुद्धोधन गाँउपालिकाको सामूदायिक वन सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८० ले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समूहलाई यस गाँउपालिकामा दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।
उपभोक्ता समूहको विवरण
उपभोक्ता समूहको क्षेत्र :-
घरधुरीको संख्या :-
कूल जनसंख्या :-

प्रमाणपत्र दिने अधिकारीको
नाम :-
दर्जा :-
दस्तखत :-
मिति :-





(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारील आवश्यक जाँचबुझ गरी समूह दर्ताको प्रमाण पत्रमा नवीकरण गर्नेछ ।

**परिच्छेद -३**

**सामुदायिक वन संरक्षण सम्बन्धी व्यवस्था**

**५.** सामुदायिक वन समन्वय समितिः (१) सामुदायिक वन संरक्षण तथा व्यवस्थापनको लागि गाउँ स्तरीय एक समन्वय समिति रहनेछ ।
(२) उपदफा १ बमोजिमको समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहने छन :-
(क) गाँउपालिका अध्यक्ष : अध्यक्ष
(ख) प्रमुख प्रशासकीय अधिकृत सदस्य
(ग) गाँउपालिका वन वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक सदस्य
(घ) गाँउपालिका भित्र रहेका सबै सामुदायिक वन उपभोक्ता समितिका अध्यक्षहरु सदस्य
(ङ) गाँउपालिका क्षेत्र भित्र रहेका नेपाल प्रहरीका प्रमुख वा प्रतिनिधि सदस्य
(च) गाँउपालिका क्षेत्र भित्र रहेका वन कार्यालयका प्रमुख सदस्य
(छ ) गाँउपालिकाको वन तथा वातावरण शाखा हेर्न तोकिएको कर्मचारी सदस्य सचिव

**६**. सामुदायिक वन समन्वय समितिको काम, कर्तव्य र अधिकार :

(१) सामुदायिक वन समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) गाँउपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक वनहरुको संरक्षण तथा सम्बर्द्धनमा सहयोग गर्ने ।

ख) सामुदायिक वनहरुका विभिन्न गतिविधिको सम्बन्धमा समन्वय तथा सुधार गर्नको लागि कार्यपालिकामा पेश गर्ने ।

(ग) सामुदायिक वनको व्यवस्थापन तथा संरक्षणको लागि आवश्यक कार्ययोजना तर्जुमा गरी स्वीकृतिको लागि गाउँ कार्यपालिकामा पेश गर्ने ।

(घ) सामुदायिक वनको संरक्षण सम्बर्द्धन तथा सुधारको लागि आवश्यक नीति तथा योजना तयार गरी स्वीकृतिको लागि गाँउपालिकामा पेश गर्ने ।

(ङ) संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको विषयमा संघ तथा प्रदेश सँग आवश्यक समन्वय गरी वन सुधारका कार्ययोजना तयार गर्ने ।

(च) वातावरण तथा जैविक विविधताको संरक्षण, भूक्षय तथा प्राकृतिक प्रकोप नियन्त्रणको माध्यमबाट बन विकास सम्बन्धी कार्यक्रम तर्जुमा तथा सञ्चालन गर्ने ।

(छ) सामुदायिक वनको संरक्षणको लागि गस्ती परिचालनको व्यवस्था मिलाउने । तर समन्वय समितिले आवश्यक निर्णय गरी गस्ती परिचालनको जिम्मा अध्यक्ष वा गस्ती टोली प्रमुखलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(ज) गाउँकार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।





**१५**. दण्ड जरिवाना सम्बन्धी व्यवस्था :- वन पैदावार चोरी निकाशीमा संलग्न व्यक्ति वा मतियारलाई संघीय तथा प्रदेश कानूनमा उल्लेख भएकोमा सोही अनुसार दण्ड जरिवाना गरिनेछ र उल्लेख नभएका विषयमा सामुदायिक वन समन्वय समितिले निर्णय गरी तोके बमोजिम दण्ड जरिवाना गरिनेछ ।

**१६**. खारेजी र बचाउ : संघीय तथा प्रदेश कानूनमा उल्लेख भएकोमा सोही अनुसार तथा उल्लेख नभएका विषयमा यसै कार्यविधि बमोजिम हुनेछन् ।

## अनुसूची -१

**दफा ३ को उपदफा (२) सँग सम्बन्धित उपभोक्ता समूहले समूह दर्ता/सूचिकृतको लागि दिने निवेदनको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू

शुद्धोधन गाउँपालिका , मानपकडी, रुपन्देही

**विषय : उपभोक्ता समूह दर्ता गरी पाउँ ।**

वन ऐन २०४९ तथा नियमावली २०५१ बमोजिम दर्ता भएको .................... सामदूायिक वन उपभाक्तो समूह यस शुद्धोधन गाँपालिकाको सामूदायिक वन सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९मा भएको व्यवस्था अनुसार दर्ता /सूचिकृत गरी पाउन सोको विधान संलग्न गरी पेश गरेका छौं । उपभोक्ता समूह दर्ता /सूचिकृत गरी सोको जानकारी पाउन अनुरोध गरेका छौं ।

निवेदक

उपभाक्ता समहूको तफर्बाट दस्तखत :

नामथरः.......................................

पदः ........................

मिति : .........................

**<u>उपभोक्ता समूहका पदाधिकारी विवरण</u>**

| क्रं. सं. | नामथर र ठगाना | पद |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |

३) कोषको सञ्चालन अध्यक्ष, सामुदायिक वनको प्रतिनिधि सदस्य र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चान हुने गरी खाता सञ्चालन हुनेछ ।

(४) कोषको लेखा परीक्षण गाँउपाालिकाले तोकेको लेखा परीक्षकबाट न्यूनतम खर्चमा गरिनेछ । लेखा परीक्षण शूल्क सम्बन्धीत वन समितिले ब्यहोनु पर्ने छ ।

(५) कोषको लेखा परीक्षण प्रतिवेदन सामुदायिक वन समन्वय समितिबाट अनुमोदन गराउनु पर्नेछ ।

## परिच्छेद -५

## विविध

**१४**. अनुगमन सम्बन्धी व्यवस्था : (१) गाँउपालिका अन्तर्गत गठित सामुदायिक वनको क्षेत्राधिकार अन्तर्गत भए गरेका समग्र कार्यहरुको अनुगमन गर्न एक गाँउ स्तरीय अनुगमन समिति गठन गरिनेछ ।

(२) उपदफा (१)बमोजिमको अनुगमन समितिमा तपसिलका पदाधिकारीहरु रहनेछन् ।

(क) गाँउपालिका अध्यक्ष वा निजले तोकेको गाँउकार्यपालिका सदस्य अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी सदस्य

(ग) सामुदायिक वन उपभोक्ता समूह हरु मध्ये समन्वय समितिले तोकेको दुई जना महिला सहित चार जना सदस्य

घ) सुरक्षा निकायको एक जना प्रतिनिधि सदस्य

(ङ) वन कार्यालयको प्रतिनिधि एक जना सदस्य

(च) उद्योग वाणिज्य संघबाट दुईजना सदस्य

(च) गाँउ वन तथा वातावरण शाखा प्रमुख सदस्य सचिव





**७**. गस्ती सम्बन्धी व्यवस्था :-

(१) यस शुद्धोधन गाँउपालिका अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक वनको संरक्षण गर्न तथा वन पैदावारको चोरी निकासी रोक्नको लागि सामुदायिक वन समन्वय समितिको सिफारिसमा नेपाल प्रहरी कर्मचारीको नेतृत्वमा रहने गरी एक गस्ती टोली खटाइनेछ ।

(२) उपदफा १ बमोजिमको गस्ती टालीमा तपसिलका सदस्यहरु रहनेछन् ।

(क) गाँउपालिका क्षेत्रभित्र रहेका नेपाल प्रहरीको सम्बन्धित ईलाका प्रहरी कार्यालयबाट खटाइएको कर्मचारी,

(ख) गाँउपालिका क्षेत्र भित्रका सामुदायिक वनहरुले खटाएका कर्मचारी वा पदाधिकारी

(ग) गाँउपालिकाले तोकेर पठाएका पदाधिकारी वा कर्मचारी

**८**. गस्ती टोलीको काम, कर्तब्य र अधिकार:

(१) गस्ती टोलीको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) गाँउपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा समूहले विना ईजाजत वन वा वनजन्य पदार्थ चोरी निकासी गर्ने, गराउने कार्य गरेमा तत्काल पक्री थुनामा राख्ने व्यवस्था मिलाउने ।

(ख) सामूदायिक वनमा कोही कसैले वन ऐन, नियमावली तथा यस कार्यविधि विपरितका कार्य गरेको पाइएमा त्यस्तो कार्यमा प्रयोग भएका वोझवाहक साधन, औजार तथा यस्तै प्रकृतिका अन्य साधनहरु तत्काल कब्जामा लिई कानून बमोजिम गर्न गराउने ।

(ग) कम्तीमा हप्तामा एक पटक समन्वय समितिले खटाएको बखत वन क्षेत्रभर गस्ती गर्ने तर अत्यावश्यक परेमा गाँउ पालिका अध्यक्ष र गस्ती टोली प्रमुखको आदेशानुसार सो भन्दा बढी समेत गस्ती गर्ने ।

घ) समन्वय समितिले तोके बमोजिमका अन्य कार्य गर्ने ।

९. गस्ती परिचालन सम्बन्धी व्यवस्था :-
(१) समन्वय समितिको सिफारिसमा गाँउपालिका क्षेत्रका सबै सामुदायिक वनहरुलाई मिलाई नेपाल प्रहरीको क्षेत्राधिकार अनुसारको क्षेत्र बाँडी गाँउपालिका क्षेत्रमा नेपाल प्रहरीको नेतृत्वमा कम्तीमा दुई वटा गस्ती परिचालन गर्न सकिनेछ ।
(२) प्रत्येक गस्ती टोलीमा बढीमा पन्ध्र जना खटाउन सकिनेछ ।
(३) गस्तीमा खटिने टोलीलाई प्रचलित कानूनको अधिनमा रही हतियार प्रयोग गर्ने अधिकार हुनेछ ।
(४) गस्तीमा खटिने व्यक्तिलाई समन्वय समितिको निर्णय अनुसारको सेवा सुविधा प्रदान गर्न सकिनेछ ।
(५) वन संरक्षणमा गस्तीमा खटाउने लगायतका कार्यमा सहयोग गर्नु नेपाल प्रहरी, वन कार्यालय, उपभोक्ता समूह , गाँउपालिका लगायत सरोकारवाला सबैको कर्तव्य हुनेछ ।
**१०**. सुराकी सम्बन्धी व्यवस्था :
(१) वन पैदावार चोरी निकाशी रोक्ने कार्यमा सहयोगगर्न जुनसुकै व्यक्तिले समन्वय समिति वा गस्ती टोली प्रमुखलाई सुराकी दिन सक्नेछ ।
(२) सुराकी दिने व्यक्तिलाई सामुदायिक वन समन्वय समितिको निर्णय अनुसार उचित पुरस्कार प्रदान गरिनेछ ।
(३) सुराकी दिने व्यक्तिको नाम, मोवाईल नं वा अन्य व्यक्तिगत विवरण गोप्य राखिनेछ ।
**११**. गस्ती टोलीबाट बरामद भएको वन पैदावार सम्बन्धी व्यवस्था :
१) संघीय तथा प्रादेशिक कानूनमा अन्य व्यवस्था भएकोमा बाहेक गस्ती टोलीले अवैध चोरी निकासी बाट वरामद गरीएका वन पैदावार बिक्री बाट प्राप्त रकम देहाय बमोजिम बाँडफाँड गरिनेछ ।
(क) कूल रकमको ३० प्रतिशत वन समन्वय समितिलाई,
(ख) ३० प्रतिशत सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिलाई,
(ग) बाँकि ४० प्रतिशत मध्ये पुरस्कार स्वरुप २० प्रतिशत सुराकीलाई र २० प्रतिशत गस्ती टोलीलाई ।





## परिच्छेद -४
## सामुदायिक वन संरक्षण विशेष कोष सम्बन्धी व्यवस्था

**१२.** सामुदायिक वन संरक्षण विशेष कोष :
(१) गाँउपालिकामा एक सामुदायिक वन संरक्षण कोष रहनेछ ।
(२) उपदफा १ बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् ।
(क) गाँउपालिकाबाट प्राप्त अनुदान वा रकम ,
(ख) वन ऐन नियमावलीमा उल्लेख भएको वन संरक्षणको लागि सामुदायिक वनले खर्च गर्ने गरी तोकिएको रकमको अतिरिक्त पहिलो बर्षको लागि सामुदायिक वनको कारोबारको १० प्रतिशत रकम, तर, दोस्रो बर्ष देखी कुल बार्षिक बजेटको ८० प्रतिशत रकम सामुदायिक वनले र २० प्रतिशत रकम गाँउपालिकाले वेहोर्ने गरी खर्च व्यवस्थापन गर्ने ।
(ग) दण्ड जरिवानाबाट प्राप्त रकम,
(घ) दान दातव्य तथा पुरस्कारबाट प्राप्त रकम,
(ङ) विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,
(च) अन्य तोकिए बमोजिमका रकमहरु ।
**१३.** कोषको रकम खर्च गर्ने सम्बन्धी व्यवस्था :
(१) दफा १२ बमोजिमको कोषमा जम्मा भएको रकम देहायका कार्यमा खर्च गर्न सकिनेछ ।
(क) गस्ती टोलीमा गरिने खर्च,
(ख) सुराकीलाई दिइने पुरस्कार रकम,
(ग) सामुदायिक वन संरक्षणमा हुने प्रशासनिक खर्च,
(घ) गस्ती टोलीमा खटिने व्यक्तिको औषधि उपचार तथा विमा खर्च,
(ङ) समन्वय समितिको निर्णय अनुसार गस्ती टोलीलाई दिइने अन्य खर्च
(च) वन पैदावार चोरी निकाशीमा संलग्न व्यक्तिलाई हिरासतमा राख्नु पर्ने भएमा सोमा दिइने सिदा वा खाना खर्च ।
(२) उपदफा १ बमोजिमका रकम खर्च गर्नु अघि समन्वय समितिबाट निर्णय गराउनु पर्नेछ । तर आकस्मिक कार्यमा खर्च गर्नु परेमा खर्च गरेको रकमको पुष्ट्याईं सहित अनुमोदन गर्ने गरी खर्च